२

# राष्ट्रिय वाणिज्य बैंक

## (पुराना तथा नयाँ प्रश्नपत्रहरु सबै समावेश गरीएको)

लोक सेवा आयोग

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, प्रशासन सेवा, तृतीय तह, कनिष्ठ सहायक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/११/२०

पत्र : प्रथम

समय : ३ घण्टा पूर्णाङ्क : १००

विषय : बैंकिङ, लेखा तथा कम्प्युटर/आइटी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। |
|---|

### खण्ड : 'क' बैंकिङ्ग ४० अङ्क

१. बैक तथा वित्तीय संस्थाहरूले कार्यान्वयन गरेको ग्राहक पहिचान अवधारण (KYC) को विषयमा लेख्नुहोस् । यो अवधारणाको कार्यान्वयनले जनताको वित्तीय पहुँच र कारोवार सम्बन्धी बैंकले प्रवाह गर्ने सेवामा कस्तो प्रभाव पारेको छ? उल्लेख गर्नुहोस्। १० + १० = २०

२. सम्पत्ति शुद्धिकरण भनेको के हो ? सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐनले सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागलाई दिएको अनुसन्धान तथा तहकिकात सम्बनधी अधिकारहरूबारे उल्लेख गर्नुहोस्। ६ + १४ = २०

### खण्ड 'ख' लेखा प्रणाली, बैंकको आन्तरिक लेखा प्रणली

३. स्वच्छ एवं स्वस्थ बैंकिङ प्रणालिमा लेखा परीक्षणको महत्त्व दर्शाउनुहोस्। राष्ट्रिय वाणिज्य बैंकमा बाह्य लेखापरीक्षण किन आवश्यक पर्दछ ? स्पष्ट पार्नुहोस्। १० + १० = २०

४. जिन्सी व्यवस्थापनको परिचय दिनुहोस्। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा जिन्सी व्यवस्थापनको आवश्यकता औँल्याउनुहोस्। जिन्सी व्यवस्थालाई अझै वैज्ञानिक र प्रभावकारी बनाउने सुझावहरू प्रस्तुत गर्नुहोस्। ३ + ७ + १० = २०

### खण्ड 'ग' : कम्प्युटर/आइटी सम्बन्धी ज्ञान

५. छोटकरीमा वर्णन गर्नुहोस्। 6 + 6 = 12

क) वर्ड (word) तथा एक्सेल् (Excel) को उपयोगिता

ख) तथ्याङ्क सुरक्षित राख्ने उपायहरू (Data Security Measures)

ग) सूचना प्रविधिको महत्त्व (Importance of IT)

□□□

## लोक सेवा आयोग

### राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, प्रशासन सेवा, तृतीय तह, कनिष्ठ सहायक पदको

### प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/११/२१

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

**विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

### खण्ड : 'क'

१. द्वन्द भनेको के हो? सङ्गठनमा द्वन्द्व श्रृजनाका प्रमुख कारणहरू उल्लेख गर्दै द्वन्द्व व्यवस्थापन (Conflict Management) का लागि कस्ता उपायहरू अपनाउनुपर्छ ? लेख्नुहोस्। ४ + ८ + ८ = २०

२. अभिलेख व्यबस्थापन भन्नाले के बुझिन्छ ? बैंकिङ क्षेत्रको अभिलेख व्यवस्थापनको सन्दर्भमा 'Digital Documentation' तथा 'Electronic Document Management System' बीचको भिन्नता दशाउनुहोस् । प्रभावकारी संचारको महत्त्वबारे प्रकाश पार्नुहोस्। ४ + ८ + ८ = २०

### खण्ड 'ख'

३. नेतृत्व र कर्मचारीबीच कस्तो सम्वन्ध हुनुपर्दछ? उक्त सम्वन्ध कसरी स्थापित गर्न सकिन्छ ? कर्मचारीलाई दिइने तालिमले कार्यसम्पादनमा कसरी सहयोग पुऱ्याउँदछ ? चर्चा गर्नुहोस्। ५ + ७ + ८ = २०

४. वाणिज्य बैंकको काम, कर्तव्य उल्लेख गर्नुहोस् । बैंकिङ तथा वित्तीय क्षेत्रको कारोवारमा पहिचान भएको जोखिमहरूबारे वर्णन गर्नुहोस्। १० + १० = २०

### खण्ड 'ग'

५. हिसाव गर्नुहोस्। २०

क) १०० दिनमा ५% का दरले रू. ५० ब्याज आउँछ भने मूलधन कति होला ? ३

ख) तीन जनाले रू. ३,०००।- १:२:३ का दरले लगानी गर्दछन् भने प्रत्येकले कति लगानी गरे ? ३

ग) १० जना मानिसलाई १२ दिन लाग्ने काम ३० जनाले कति दिनमा गर्न सक्छन् ? ३

घ) रामले श्यामसँग २०% ब्याज दरमा रू. ५०,०००।- ऋण लिएर मोटर साईकल किन्यो र २ वर्षपछि रू. ७०,००० मा बेच्यो भने रामलाई ब्याजसहित कति नाफा/नोक्सान भयो ? ५

ङ) सीताले रू. ५,०००।- मा किनेको साडी ५% घाटामा बेचिन् भने वास्तविक नोक्सन कति भयो ? उक्त साडीमा १०% नाफा कमाउन कतिमा बेच्नु पर्नेथ्यो ? ३ + ३ = ६

□□□